दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २४२ | बुटवल | २०८२ भदौ १२ गते, बिहीबार | नेपाल संवत ११४५ | Thursday August 28, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**बालअधिकार सुनिश्चित गरौं**

**बालअधिकारः**
- शिक्षा, स्वास्थ्य र पालनपोषणको अधिकार,
- हिंसा र शोषणबाट जोगिने अधिकार,
- अभिव्यक्ति र सहभागिताको अधिकार,
- माया, स्नेह र संरक्षण पाउने अधिकार,
- खेल र मनोरञ्जनको अधिकार।

**त्यसैले,**
- बालश्रम अन्त्य गरौ,
- सबै बालबालिकालाई विद्यालय पुऱ्याऔं
- बालबालिकाको आवाज सुन्ने संस्कार बसालौ,
- बालमैत्री समाजको निर्माण गरौ।

**आजका बालबालिका भोलिका कर्णधार।**

नेपाल सरकार विज्ञापन बोर्ड

# लुम्बिनीबाट १५ किमी दूरीमा उद्योग नचलाउन सर्वोच्चको चारबुँदे परमादेश

**लुम्बिनी क्षेत्रको वातावरण र पुरातात्विक संरक्षणको विषय समस्त नेपाली र विश्व मानवताको सार्वजनिक चिन्ता र चासोको विषय भएको भन्दै सर्वोच्चले परमादेश जारी गरेको हो।**

**टिआर शर्मा**
*बुटवल*

बुद्ध जन्मस्थल लुम्बिनीबाट १५ किमी दूरीमा उद्योग चलाउन नपाइनेलगायत चारबुँदे परमादेश सर्वोच्च अदालतले जारी गरेको छ।

२०७६ असार १२ मा लुम्बिनी विकास कोष वरपरको १५ किलोमिटरमा उद्योग सञ्चालन नगर्न र भएका पनि बन्द गर्न वा स्थानान्तरण गर्न सर्वोच्चले आदेश दिएको थियो। तर उक्त आदेशको कार्यान्वयनको भएको थिएन।

लुम्बिनी क्षेत्रको वातावरण र पुरातात्विक संरक्षणको विषय समस्त नेपाली र विश्व मानवताको सार्वजनिक चिन्ता र चासोको विषय भएको भन्दै सर्वोच्चले यस्तो आदेश जारी गरेको हो।

वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्माको रिटमा न्यायाधीशद्वय कुमार रेग्मी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले सरकारको नाममा यस्तो आदेश जारी गरेको हो। बुद्ध जन्मस्थलमा जथाभावी संरचना निर्माण थालिएको र यस्तो निर्णयले विश्व सम्पदा सूचीमा समेत रहेको पुरातात्विक महत्वको स्थलमा असर पर्ने दाबीसहित रिट दायर भएको थियो।

चारबुँदे परमादेशमा लुम्बिनी क्षेत्र संरक्षणको निम्ति निर्मित पर्खालको दक्षिणतर्फ भारतीय सीमासम्म र पूर्व-पश्चिम तथा उत्तरतर्फ पर्खालदेखि १५ किमि दूरीभित्र साथै लुम्बिनी भैरहवा कोरिडोर खण्डमा सडकको दायाँबायाँ ८०० मि. भित्र धूलो, धुवाँ तथा कार्बन उत्सर्जन गर्ने कुनै पनि नयाँ उद्योग स्थापना गर्न अनुमति नदिन भनेको छ।

यस्तै नेपाल औद्योगिक प्रवर्द्धन बोर्डको २०६६।०८।१२ को १९०औं बैठकको निर्णयले लुम्बिनी क्षेत्र संरक्षणको निम्ति निर्मित लुम्बिनी विकास कोषको पर्खालको १५ किमि भित्र कार्बन उत्सर्जन गर्ने नयाँ उद्योग दर्ता गर्न नदिने भनी निर्णय गर्नुको अर्थ पर्खालबाट १५ किमिसम्मको क्षेत्र धुलो, धुवाँ तथा कार्बनजन्य प्रदूषण उत्सर्जन गर्ने उद्योगमुक्त क्षेत्र बनाउने लक्ष्य अनुसारकै हो भन्ने देखिएको परमादेशले स्पष्ट पारेको छ।

सो निर्णयमा २०६६।०८।१२ भन्दा अघि दर्ता भई सञ्चालनमा रहेका उद्योगहरुको हकमा समेत पहिलो प्राथमिकतामा उद्योग स्थानान्तरण गर्ने उल्लेख भएको र यसरी सञ्चालित उद्योगहरुको पुँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप तथा विद्युत् क्षमता थप गर्न स्वीकृति प्रदान नगर्ने नीति कायम राख्नुको अर्थ क्रंमशः त्यस्ता उद्योगहरु बन्द गराई स्थानान्तरण गराउने लक्ष्य रहेको प्रस्ट देखिएको उल्लेख छ। यी समग्र अवस्थालाई मध्यनजर राखी ब्रम्हाण्डकै अतुलनीय मूल्य (आउटस्ट्याण्डिङ युनिभर्सल भ्यालू) बोकेको बुद्धको जन्मस्थलको दिर्घकालीन संरक्षणका लागि यो आदेश प्राप्त भएको मितिले २ वर्षभित्र धुलो, धुँवा वा कार्बनजन्य प्रदूषण उत्सर्जन गर्ने लुम्बिनीको पर्खाल घेराको पूर्व, पश्चिम, उत्तर १५ किमि दूरीसम्मका र दक्षिणमा भारतीय सिमासम्मका बन्द वा स्थानान्तरण नभएको उद्योग तथा कलकारखाना बन्द गर्नु वा स्थानान्तरण गर्नु/गराउनु र यसरी धुलो, धुँवा वा कार्बनजन्य प्रदूषण उत्सर्जन गर्ने उद्योग तथा कलकारखाना बन्द वा स्थानान्तरण गर्दा बृहत्तर लुम्बिनी क्षेत्रको दिर्घकालीन संरक्षणमा समेत पर्याप्त ध्यान पुऱ्याउन परमादेशमा भनिएको छ।

उद्योगहरु स्थानान्तरण भएपछिको खाली जग्गामा पर्यटनमैत्री व्यवसाय संचालन गर्न चाहेमा आवश्यक सहुलियत सुविधा उपलब्ध



गराउन परामदेशमा भनिएको छ।

यस्तै लुम्बिनी क्षेत्र संरक्षणको निम्ति निर्मित पर्खालको दक्षिणतर्फ भारतीय सीमासम्म र पूर्व-पश्चिम तथा उत्तरतर्फ पर्खालदेखि १५ किमि दूरीभित्र साथै लुम्बिनी भैरहवा कोरिडोर खण्डमा सडकको दायाँबायाँ ८०० मि क्षेत्र भित्रको सडकमा १९ टनभन्दा बढी भार बाहन क्षमता भएको सार्वजनिक सवारी साधनको आवागमनमा रोक लगाउन पनि परामदेशमा भनिएको छ। परमादेश अनुसार यसअघि १५ किमी दूरीभित्र उद्योग स्थापना गर्न दिने गरी भए गरेका सम्पूर्ण काम कारबाही र पत्राचार तथा निर्णयहरु उत्प्रेषणको आदेशले बदर हुने उल्लेख छ।

'लुम्बिनी विकास कोषको १५ किमिभित्र दर्ता भैसकेका तर संचालनमा नआएका उद्योगहरुको हकमा समेत त्यस्ता उद्योगहरुले तोकिएको वातावरण प्रदूषण मापदण्ड एवं शर्तहरुभित्र रहने गरी उद्योग संचालनपूर्व नै आवश्यक प्रदूषण नियन्त्रणको व्यवस्था गर्नुपर्ने तोकिएको मापदण्ड एवं शर्तहरु पालना नगर्ने उद्योगहरुलाई दिएको समयावधिभित्र अन्यत्र स्थानान्तरण गर्ने भन्ने निर्णय भएको देखियो, औद्योगिक प्रवर्द्धन बोर्डले १२ मंसिर २०६६ मा लुम्बिनी क्षेत्रको संरक्षण र संवर्द्धनका लागि भएको उल्लेखित निर्णयविपरीत उद्योग स्थापना गर्न उद्योग विभाग वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकार वा सो मातहतका निकायहरुबाट भए गरेका सम्पूर्ण काम कारबाही र पत्राचार तथा निर्णयहरु उत्प्रेषणको आदेशले बदर हुने छ।'-परमादेशमा भनिएको छ।

सम्पदा संरक्षण विपरीतका गतिविधि, जथाभावी पूर्वाधार निर्माण र औद्योगिक प्रदूषणलगायतका कारणले युनेस्कोले विगतदेखि खतराको सूचीमा राख्ने भन्दै सन् २००२ देखि चेतावनी दिँदै आएको थियोभने सन् २०२२ मा पत्र पठाएर सचेत गराएको थियो।

विश्व सम्पदा समितिको सचिवालयले खतराको सूचीमा राख्ने मस्यौदा तयार गरेपछि पर्यटन मन्त्रालय, लुम्बिनी विकास कोषका अधिकारीहरुले कूटनीतिक पहल गरेपछि खतराको सूचीमा पर्नबाट जोगिएको थियो।

सर्वोच्च अदालतले लुम्बिनी संरक्षित क्षेत्र आसपासमा रहेका उद्योगहरूको अवस्था र स्थिति सम्बन्धमा अध्ययन गर्न गठित समितिले लुम्बिनी करिडोर भित्रका १२ उद्योगमा गरेको अनुगमनले कुनै पनि उद्योगले प्रदूषण नियन्त्रणका उपाय अवलम्बन नगरेको निष्कर्ष निकालको थियो।

त्यसपछि पनि लुम्बिनीमा भएका सबै वातावरणसम्बन्धी अध्ययनले लुम्बिनीमा प्रदूषण बढ्नुको मुख्य कारण त्यस क्षेत्रमा भएको उद्योग रहेको उल्लेख गरेका थिए। सन् २०१२ मा अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (आईयूसीएन) युनेस्कोको सहयोगमा गरेको अध्ययनले पनि लुम्बिनीमा प्रदूषण बढ्नुको कारण त्यस क्षेत्रमा रहेका उद्योग नै भएको जनाएको थियो।

नेपाल सरकारले वायुमा पीएम २.५ (सानो धुलोको कण)को लागि तोकेको राष्ट्रिय मापदण्डमा प्रति घनमिटर हावामा ४० माइक्रोग्राम हो। तर लुम्बिनीको हावामा भएको सानो धुलोको मात्रा विश्वस्वाथ्य संगठनको मापदण्ड भन्दा ११ गुणा बढी छ।

विश्व स्वाथ्य संगठनले वायुमा पीएम२.५ (सानो धुलोको कण)को लागि तोकेका मापदण्ड प्रति घनमिटर २५ माइक्रोग्राम हो।

लुम्बिनीमा वायु प्रदूषण रोक्न सरकारले तत्काल योजना नबनाउने हो भने समग्र लुम्बिनीको जनजिवन प्रभाव पार्ने वैज्ञानिकहरूको चेतावनी छ। वातावरण वैज्ञानिक रामचरित्र शाहले राज्यले वातावरण प्रदूषणको नियन्त्रणकारी पहल कदमी जति गर्नुपर्ने हो, त्यति गर्न नसकेको बताए।

०७० पुस १६ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट लुम्बिनीको वायु प्रदूषणको न्यूनीकरण तथा रोकथामका विभिन्न उपायहरू तत्काल पहिल्याउन सम्बन्धित निकायहरूलाई लिखित आदेश समेत भएको थियो। तर, उक्त आदेश कार्यान्वयनको अवस्था सन्तोषजनक छैन।

लुम्बिनी क्षेत्रमा रहेका सिमेन्ट, स्टील, इट्टा, कागजलगायत उद्योगहरू प्रदूषणका प्रमुख कारक रहेको भन्दै सुधारका लागि दर्जन बढी सुझावहरू सरकारलाई समय-समयमा अध्ययनकर्ताहरूले दिए पनि त्यसको कार्यान्वयन भइरहेको छैन। लुम्बिनी क्षेत्रमा चार दर्जन कारखाना रहेका छन्। त्यसमध्ये करिब एकदर्जन सिमेन्ट कारखाना छन्।

सिमेन्ट उद्योगहरूले धुलो नियन्त्रणका लागि रिफाइनरी मेसिन जडान गरे पनि त्यो प्रभावकारी हुन सकेको छैन। मेसिन राख्ने र नचलाउने गरेको जनगुनासो छ। नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश अध्यक्ष कृष्णप्रसाद शर्माले उत्पादनमूलक उद्योगको हकमा सर्वोच्चको परमादेश ठीक भए पनि पर्यटन उद्योगमा पर्ने होटेलहरुको हकमा यो प्रावधान उपयुक्त नहुने बताए। यस विषयमा अदालतमा मुद्दा परेपछि भैरहवा-लुम्बिनी कोरिडोरमा स्थापना हुने क्रममा रहेका उद्योगहरु भैरहवा-परासी कोरिडोरमा स्थानान्तरण भएका शर्माले बताए।

## रविको मुद्दामा कैफियत प्रतिवेदन माग गर्ने आदेश



**लुम्बिनी संवाददाता**
*बुटवल*

थुनामुक्त हुन पाउँ भनी रास्वपा सभापति रवि लामिछानेले दिएको निवेदनमा कैफियत प्रतिवेदन माग गर्ने आदेश भएको छ। उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा बुधबार भएको सुनुवाइमा न्यायाधीश सागर विष्टले कैफियत प्रतिवेदन र सक्कल मिसिल मगाउन आदेश गरेका हुन्।

बुटवलको सुप्रिम सहकारी ठगीको मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका लामिछानेले सहकारीमा अपचलन गरेको आफ्नो भागको बिगो रकम दाखिल गर्दा पनि जिल्ला अदालत रुपन्देहीले रिहा नगरेपछि भदौ ९ गते उच्च अदालतमा रवि पत्नी निकिता पौडेलले निवेदन दर्ता गराएकी थिइन्।

त्यही निवेदनमाथि भएको बहसपछि न्यायाधिश विष्टको एकल इजलासले जिल्ला अदालत रुपन्देहीको सक्कल मिसिल र कैफियत प्रतिवेदन मगाउने आदेश गरेको उच्च अदालत बुटवलका सूचना अधिकारी रामबहादुर कुँवरले बताए। जिल्लाको सक्कल मिसिल र कैफियत प्रतिवेदन मगाउने आदेश भएको उनले बताए।

यसअघि रविले आफ्नो भागको बिगो दाखिला गरेर सहकारी ठगीको मुद्दाबाट छुटकारा दिन माग गर्दै जिल्ला अदालतमा निवेदन दिएका थिए।

» *बाँकी ३ पेजमा*

## पक्राउ परेकै दिन छुटे एमाले नेता महर

बुटवल। सामाजिक सञ्जालबाट महिलाको चरित्रहत्या र गाली बेइज्जती कसुरमा पक्राउ परेका नेकपा एमालेका केन्द्रीय सदस्य ऐन महर हाजिरी जमानीमा छुटेका छन्।

विद्युतीय अपराधको उजुरीका आधारमा बुधबार दिउँसो पक्राउ परेका उनलाई साँझ हाजिरी जमानीमा छाडिएको साइबर ब्यूरोका प्रवक्ता दीपकराज अवस्थीले बताए। विद्युतीय अपराधको उजुरीका आधारमा प्रहरीले जिल्ला अदालत, काठमाडौंमा पक्राउ पुर्जीका लागि अनुरोध गरेको थियो।

त्यसपछि अदालतले भदौ ९ गते नै महरविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो। बुधबार ब्यूरोमा उपस्थित भएका महरलाई पक्राउ गरी थप अनुसन्धानका लागि प्रहरीले म्याद थप गर्न जिल्ला अदालत, काठमाडौं ल्याइएको थियो।

महरविरुद्ध यसअघि पनि एक महिलाले बलात्कृत भएको भन्दै प्रहरीमा जाहेरी दिएकी थिइन्। बझाङका स्थायी बासिन्दा महर नेकपा एमाले निकट विद्यार्थी संगठन अनेरास्ववियु अध्यक्ष हुँदै पार्टीको राजनीतिमा आएका हुन्।

गत प्रतिनिधिसभा निर्वाचनमा बझाङबाट उम्मेदवार बनेका महर नेकपा एकीकृत समाजवादीका नेता भानुभक्त जोशीसँग पराजित भएका थिए।

महरलाई ०७८ मंसिरमा एमालेले केन्द्रीय सदस्य मनोनित गरेको थियो। यौन विचलनमा परेको अडियो सार्वजनिक भएपछि पार्टीले उनलाई एक पटक निलम्बन गरेको थियो। पछि फेरि सचिवालय बैठकबाटै महरलाई जिम्मेवारीमा फर्काइएको थियो।

## 'गैरनाफामूलक र पूर्ण छात्रवृत्ति स्वीकार्य छैन'



बुटवल। संघीय संसदको शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिबाट पारित विद्यालय शिक्षा विधेयकका कतिपय प्रावधानलाई लिएर निजी विद्यालय सञ्चालकहरुले गम्भीर असन्तुष्टि प्रकट गरेका छन्। उनीहरुले उक्त विधेयक कार्यान्वयनमा आए निजी विद्यालयको अस्तित्व नै संकटमा पर्ने दाबी गर्दै ती प्रावधान हटाउन माग राखेर दुई हप्तादेखि आन्दोलन गर्दै आएका छन्। कम्पनी ऐनअन्तर्गत दर्ता भई सञ्चालनमा रहेका विद्यालयलाई क्रमशः गैरनाफामूलक बनाउने प्रावधान, कूल विद्यार्थीको १५ प्रतिशतलाई पूर्ण छात्रवृत्ति अनिवार्य गर्ने व्यवस्था, पोशाक, पाठ्यपुस्तक, यातायात, खाजा छात्रवृत्ति पाएका विद्यार्थीलाई विद्यालयले दिनुपर्ने शर्त स्वीकार्य र व्यवहारिक नभएकाले तत्काल खारेज गर्नुपर्ने माग राखे।

शिक्षा विधेयकमा रहेका यी प्रावधान नहटाए विद्यालयको तालाचाबी सरकारलाई बुझाउने निजी विद्यालयका सञ्चालकहरुको चेतावनी छ। प्याब्सन, नेपालका उपाध्यक्ष टिकाराम न्यौपानेले सबै निजी विद्यालयहरुको आर्थिक, भौतिक एवं व्यवस्थापकीय अवस्था समान नभएको र ग्रामीण क्षेत्रमा सञ्चालित निजी विद्यालयले सामान्य सञ्चालन लागत उठाउन संघर्ष गरिरहेको परिस्थितिमा प्रस्तावित विधेयकका प्रावधानले अधिकांश निजी विद्यालयलाई बन्द गराउने नियत देखिएको बताए। राज्यले उचित मुआब्जा दिएर निजी विद्यालयलाई राष्ट्रियकरण गर्ने बाटो समेत खुला रहेको परिप्रेक्ष्यमा निजी क्षेत्रप्रति गलत भाष्य निर्माण गरी राज्यले गर्न नसक्ने काम निजी क्षेत्रबाट गराउन खोज्नु व्यवहारिक नभएको उनको तर्क छ। संघीय संसदको शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिबाट विद्यालय शिक्षा विधेयक पारित भएलगत्तै प्याब्सन, एनप्याब्सनलगायतका निजी विद्यालय सञ्चालकहरुका संगठन निरन्तर आन्दोलित छन्। निजी विद्यालयका लगानीकर्ताहरु आफूहरुलाई शिक्षा सुधारमा कुनै आपत्ति नरहेको तर लगानीकर्ताको अधिकारलाई बेवास्ता गरी एकतर्फी कानुन बनाउन खोज्नु अन्यायपूर्ण रहेको बताउँछन्। शिक्षा विधेयकको विरोधको क्रममा प्याब्सन, नेशनल प्याब्सन, हिसान र अपेनले संयुक्त रुपमा बुधबार बुटवलमा निजी क्षेत्रसँग अन्तरक्रिया गरेका छन्। अन्तरक्रियामा निजी क्षेत्रसम्बद्ध विभिन्न संघसंस्थाका प्रतिनिधिहरुले निजी विद्यालयका मागप्रति एक्येबद्धता जनाउँदैसँगसँगै अघि बढ्नुपर्ने बताए। नेपालको संविधानले व्यक्तिको पेशा, व्यवसाय र लगानी सुरक्षाको प्रत्याभूत गरेको र यसको प्रतिकूल हुने गरी गरिने नीतिगत निर्णयको विपक्षमा आफूहरु उभिने प्याब्सन रुपन्देहीका अध्यक्ष दीपक खनालले स्पष्ट पारे। नेपालका निजी विद्यालयमा ८ खर्बभन्दा बढी लगानी रहेको छ भने ५ लाख बढीले रोजगारी पाएका छन्। निजी विद्यालयमा हाल झण्डै ३४ प्रतिशत विद्यार्थी अध्ययनरत रहेको तथ्यांक छ। देशको कुल ग्राहस्थ उत्पादनमा निजी विद्यालयको ७ दशमलव २ प्रतिशत योगदान छ।

वक्ताहरूले विधेयक यथावत् रहेमा हजारौं विद्यालय बन्द हुने, हजारौं शिक्षक रोजगारी गुमाउने र शिक्षा क्षेत्र नै अस्तव्यस्त हुने चेतावनी दिए। उनीहरूले राज्यले निजी क्षेत्रलाई व्यवस्थित र नियमन गर्नुपर्नेमा नियन्त्रण गर्ने सोच राखेको आरोप लगाउँदै विधेयक संशोधन भएन भने कडा आन्दोलनमा उत्रनु बाहेक विकल्प नहुने बताए।

» *बाँकी ३ पेजमा*



## सम्पादकीय

# फोहरमैलामा खेलवाड

सैनामैना नगरपालिकाले वडा नम्बर ९ र ११ स्थित पिपलडाँडामा सात वर्षदेखि फाल्दै आएको फोहरले स्थानीय बासिन्दा हैरान भएका छन् । फोहरको दुर्गन्धले नजिकैको बस्तीले सास्ती व्यहोर्दा नगरपालिका समस्याप्रति मौन छ। फोहरमैला सही समय र ठाउँमा व्यवस्थापन गर्ने काम नगरपालिकाको हो, बस्ती दुर्गन्धले समस्यामा पर्दा फोहरमैला व्यवस्थापन सही ढंगले गर्न ध्यान नपुर्‍याउनु नगरपालिकाको कमजोरी हो।

शहरमा फोहरमैला व्यवस्थापन चुनौतीपूर्ण बन्दै आएको छ। बस्ती नजिकै, सडक छेउ, नदी किनार र वन क्षेत्रमा फोहरमैलाको व्यवस्थापन हुँदै आएको छ। अहिले जुन ढंगले स्थानीय तहले फोहरमैला व्यवस्थापन गर्दै आएका छन्, यो व्यवस्थापन विकास व्यवस्थापनको अव्यवस्थापनका उदाहरण हुन् । कुनै एउटा स्थानीय तहले फोहरमैला व्यवस्थापनको सही तरिका अवलम्बन गरेको पाइदैन । नदी किनार र वन क्षेत्रमा भइरहेको फोहरमैला व्यवस्थापनले स्वच्छ वातावरणका निम्ति जोखिम बढेको छ।

बुटवल उप-महानगरपालिकाले पनि तिनाउ नदी किनारमा फोहर व्यवस्थापन गर्दै आएको छ। सिद्धार्थनगरपालिकाले डण्डा नदी किनारमा फोहरमैला व्यवस्थापन गर्दै आएको वर्षौं भयो । देवदह नगरपालिकाले बस्ती नजिकैको वन क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्दा स्थानीय समुदाय प्रत्यक्ष मारमा परेका छन्। अरु पालिका पनि फोहरमैला व्यवस्थापनमा प्रभावकारी काम गर्न सकेका छैनन् । रूपन्देहीका साधनस्रोत सम्पन्न भनिएका नगरपालिकाको यो हविगत छ। नगरपालिकाको फोहरमैला व्यवस्थापनको यो गलत तरिकाको मारमा नागरिक परेका छन्। उनीहरुको स्वास्थ्य जोखिममा परेको छ । संविधानले प्रत्याभूत गरेको नागरिकको स्वच्छ वातावरणको हकलाई स्थानीय तहले बेवास्ता गरेका छन्।

अहिले पालिकाले फोहरमैला व्यवस्थापनमा समस्या भोगिरहेका छन्, तर समस्या समाधानको बाटो पहिल्याउन सकेका छैनन् । पालिकाभित्रको फोहर व्यवस्थापनको काम पालिकाको हो। संविधानले फोहरमैला व्यवस्थापनको जिम्मेवारी पालिकालाई दिएको छ। यो एकल अधिकारभित्र पर्ने र नागरिकको दैनिक जीवनसँग जोडिएको विषयप्रति पालिका गम्भीर छैनन् भन्ने देखिन्छ। सिद्धार्थनगर जस्तो पर्यटकीय नगरले डण्डा नदी किनारमा वर्षौंदेखि फोहर फाल्दै आउनु र बुटवल जस्तो साधनस्रोत सम्पन्न पालिकाले फोहरमैला व्यवस्थापनको पहलकदमी लिन नसक्नुले उनीहरुको कमजोरी हो । नदी मान्छेका लागि मात्रै नभई हरेक प्राणीका लागि आवश्यक छ। नदीलाई स्वच्छ रुपमा बग्न नदिएर मान्छेले प्रकृतिप्रति अन्याय गरेको छ। प्रकृतिले दिएका अनुपम उपहारलाई जोगाउने र संरक्षण गर्ने पहिलो जिम्मेवारी मान्छेको हो। जहाँ अरु जीवजन्तु सहजै बाँच्न सकुन् । अरु जीवजस्तु सहजै बाँच्न सक्दा नै मानव जीवन सार्थक हुने हो। फोहरमैला नदी किनारमै फाल्दा अरु नदीमा बाँच्ने जीवजन्तुका लागि त कष्टकर भएको छ, मान्छेकै जीवन संकटमा परेको छ। वातावरणीय असन्तुलन बढेको छ।

विकास भनेको जिल्ला सडक, विमानस्थल र ठूला भवन मात्रै होइनन्। मान्छेको जीवन सहज बनाउनका लागि प्रकृतिको दोहनलाई न्यूनीकरण गर्नुपर्छ । फोहरमैला व्यवस्थापनको ठाउँ नदी किनारलाई होइन्, एउटा व्यवस्थित क्षेत्र खोजौं, जहाँ फोहरमैला व्यवस्थापन गर्दा कसैलाई असर नगरोस् । संकलन भएको फोहरमैला प्रशोधन गरी आयआर्जन हुन सकोस् । कुनै एउटा पालिका मात्रै नभई सम्भव हुने धेरै पालिका मिलेर यस्तो काम गर्न सम्भव छ । दुई वा दुईभन्दा बढी पालिका मिलेर फोहरमैलाको दिगो व्यवस्थापनका लागि ठाउँ खोजेर अघि बढ्न सक्दा नदीमा भइरहेको प्रदूषण रोक्न सघाउ पुग्छ नै, पालिकाले पनि केही गर्दैछन् भन्ने सन्देश प्रवाह हुन्छ। रूपन्देहीका केही पालिकाको फोहर व्यवस्थापनको लागि सैनामैना-१० एकला पहाडमा फोहर प्रशोधन केन्द्रका लागि संघीय सरकारले वन क्षेत्र उपभोग गर्ने स्वीकृति दिएको आठ महिना बितेको छ। तर त्यसपछिको काम सुस्त छ। यहाँ प्रशोधन केन्द्र छिटो बनाउन सके यस क्षेत्रको फोहरमैला व्यवस्थापन हुन्छ नै, अरु स्थानीय तहका लागि अनुकरणीय हुनेछ।

# राष्ट्रियता र सार्वभौमिकताको रक्षा : आजको नेपालमा एमालेको अपरिहार्यता



किसन ज्ञवाली

*लोकतन्त्रमा जनता नै सर्वोच्च शक्ति हुन् । तर जनता चेतनशील नभए, राष्ट्र बेच्ने दललाई नै सत्तामा पुर्‍याउँछन् । यही कारण गणेशमान सिंहले कहिलेकाहीँ "जनता भेडा जस्तो भए" भनेर चेतावनी दिएका थिए । आज नेपाली जनताले बुझ्नुपर्ने कुरा के हो भने–सीमाविवादमा छिमेकीको पक्ष लिनु, नाकाबन्दीलाई अस्वीकार गर्नु वा विदेशीलाई सन्तुष्ट पार्ने सोच राख्नु–यी सबैले मुलुकलाई असुरक्षित बनाउँछ । चेतनशील नागरिकमार्फत् मात्र राष्ट्र सुरक्षित रहन्छ, र त्यो बाटो हो "निर्णायक राष्ट्रिय शक्ति निर्माण को संकल्प" जसले एमालेलाई सशक्त बनाउनेतर्फ लैजान्छ त्यो शक्ति ले मात्र देशको रक्षा गर्न सक्छ ।*

नेपालको इतिहास स्वतन्त्रताको इतिहास हो । संसारका धेरै मुलुकहरू औपनिवेशिक शक्तिको अधीनमा परिरहेका बेला नेपालले आफ्नो स्वाधीनता जोगायो । यही गौरवशाली इतिहासले हामीलाई बिश्व सामु गर्बिलो सान दिलाएर गहिरो सन्देश दिएको छ -राष्ट्रियतामा सम्झौता गर्ने हो भने मुलुकको अस्तित्व संकटमा पर्छ। नेपाल केवल हिमाल, पहाड र तराईको भौगोलिक विविधता मात्र होइन; यो हजारौं वर्षको सभ्यता, बलिदान र स्वाधीन राष्ट्रिय चेतनाले बनेको मातृभूमि हो । तर पछिल्ला दशकमा नेपालको सार्वभौमिकता निरन्तर दबाब र चुनौतीको बिचमा छ–भारतसँगको सीमा विवाद, विदेशी शक्तिहरूको भूराजनीति हस्तक्षेप र भित्रैका दलहरूको आत्मसमर्पणकारी प्रवृत्तिले देशलाई असुरक्षित बनाएको छ। यस्तै जटिल घडीमा नेकपा (एमाले) ले देखाएको सम्झौताहीन राष्ट्रवाद मात्र मुलुकको ढालका रूपमा स्थापित भएको छ।

सुगौली सन्धिपछि गुमेको भूभाग, विशेष गरी कालापानी, लिपुलेक र लिम्पियाधुराको प्रश्न नेपालका लागि निरन्तर अस्मिता र सार्वभौमिकताको विषय रह्यो । महाकाली नदीको पूर्वतर्फको भू-भाग नेपालकै हो भन्ने ऐतिहासिक प्रावधान हुँदाहुँदै भारतले निरन्तर दखल कायम राख्यो । २०१५ मा भारतले चीनसँग सहमतिमा लिपुलेकलाई व्यापारिक मार्ग घोषणा गरेपछि विवाद पुनः चर्कियो । त्यही समयमा नेकपा (एमाले) नेतृत्वको सरकारले सम्पूर्ण दल, नागरिक समाज र बुद्धिजीविलाई एउटै स्वरमा ल्याउँदै नयाँ नक्सा जारी गर्‍यो । यो कदम केवल प्रशासनिक निर्णय थिएन; यो नेपालले आफ्नो सार्वभौमिकतालाई दृढतापूर्वक पुष्टि गर्ने ऐतिहासिक घोषणापत्र थियो । यसले संसारलाई सन्देश दियो–सार्वभौमिकता सानो-ठूलो हुँदैन, नेपाल कुनै "छोटो भाइ" होइन, समान हैसियत भएको राष्ट्र हो।

यता, नेपालले भोगेको अर्को ठूलो पीडा २०१५/०१६ को नाकाबन्दी थियो । संविधानप्रति असन्तुष्टि देखाउँदै भारतले आपूर्ति अवरुद्ध गर्दा मुलुक महिनौंसम्म संकटमा पर्‍यो। त्यही बेला पनि कतिपय दल र नेताहरूले "नाकाबन्दी नै होइन" भनेर जनतालाई ढाँट्ने व्यवहार देखाए । जब आफ्नै जनता औषधि, इन्धन, अन्नको अभावमा पीडित थिए, तब राष्ट्रिय सार्वभौमिकताको सवालमा मौन बस्ने दलहरू कसरी राष्ट्रवादी कहलिन सक्छन् ? आज पनि त्यस्तै प्रवृत्ति दोहोरिँदैछ। रासपाका स्वर्णिम वाग्लेले सीमाविवादमा छिमेकीको पक्षमा बोल्नु, मुकुल ढकालको प्रमाणलाई आधार मान्ने हो भने नेपाललाई भारतमा मिसाय विकास हुन्छ भन्ने तर्क गर्नु वा कतिपय दलहरूले विवादै नगर्ने सिमाना मिचिरहँदा पनि मौन बस्ने नीति लिनु-यी सबै राष्ट्रविरोधी मानसिकताको स्पष्ट अभिव्यक्ति हुन्। उता, इतिहासमा "भारतसँग लड्नुपर्छ" भन्दै सुरुङ खनाउने माओवादी नेतृत्व नै आज खुलेआम "भारतलाई कम्फर्टेबल बनाउनुपर्छ" भन्ने अवस्थामा पुग्नु, केवल विरोधाभास मात्र होइन, आत्मसमर्पणको दास मानसिकता हो।

यस्तो विषम परिस्थितिमा एमालेले लिएको बाटो र देखाएको राष्ट्रवादः- नारामा मात्र होइन, ठोस कार्यद्वारा प्रमाणित छ । नयाँ नक्सा प्रकाशन, संसदमा निर्भिक अभिव्यक्ति, विदेशी दबाब नमान्ने नीति, आत्मनिर्भर अर्थतन्त्रको दृष्टिकोण-यी सबै कदमहरूले एमालेको राष्ट्रवादी चरित्रलाई प्रमाणित गरेका छन् । नेपाल को संसद भवनको रोस्ट्रममा उभिएर ,नेकपा एमाले को अध्यक्ष र नेपाल को प्रधानमन्त्रीको हैसियतमा भारतको राष्ट्रिय प्रतीक चिन्ह "सत्यमेव जयते" हो शिंह मेवजएते होइन भनेर छिमेकीलाई पाठ पढाइदिने प्रधानमन्त्री ओलीले देखाएको साहस केवल शब्द सुधार मात्र थिएन, त्यो आत्मसम्मानको सशक्त घोषणा थियो। तर, त्यतिबेला समेत कतिपय दलहरू मौन बसे, बरु उल्टै भारत शक्तिशाली छ, त्यससँग विवाद गरेर पार लाग्दैन भन्ने मानसिकता बोकेर एमालेलाई आलोचना गरे । यस्तो सोंच नेपाली जनतामाथिको अपमान हो, राष्ट्रको आत्मसम्मानमाथि प्रहार हो।

लोकतन्त्रमा जनता नै सर्वोच्च शक्ति हुन्। तर जनता चेतनशील नभए, राष्ट्र बेच्ने दललाई नै सत्तामा पुर्‍याउँछन्। यही कारण गणेशमान सिंहले कहिलेकाहीँ "जनता भेडा जस्तो भए" भनेर चेतावनी दिएका थिए। आज नेपाली जनताले बुझ्नुपर्ने कुरा के हो भने–सीमाविवादमा छिमेकीको पक्ष लिनु, नाकाबन्दीलाई अस्वीकार गर्नु वा विदेशीलाई सन्तुष्ट पार्ने सोच राख्नु–यी सबैले मुलुकलाई असुरक्षित बनाउँछ। चेतनशील नागरिकमार्फत् मात्र राष्ट्र सुरक्षित रहन्छ, र त्यो बाटो हो "निर्णायक राष्ट्रिय शक्ति निर्माण को संकल्प" जसले एमालेलाई सशक्त बनाउनेतर्फ लैजान्छ त्यो शक्ति ले मात्र देशको रक्षा गर्न सक्छ।

नेपाल अहिले फेरि ऐतिहासिक मोडमा उभिएको छ। एकातिर विदेशी शक्तिलाई सन्तुष्ट पार्ने आत्मसमर्पणकारी दलहरू छन् । अर्कोतर्फ, राष्ट्रियता र सार्वभौमिकतालाई सम्झौताहीन रूपमा रक्षा गर्ने, आत्मनिर्भर अर्थतन्त्रको बाटो कोर्ने एमाले छ । यदि नेपाली जनताले आत्मसमर्पणकारी शक्तिलाई बलियो बनाउने हो भने, देश क्रमशः कमजोर हुँदै जान्छ र अन्ततः अस्तित्वमै संकट पर्छ । तर यदि जनताले एमालेलाई सशक्त बनाउने हो भने "सुखी नेपाली, समृद्ध नेपाल" को राष्ट्रिय आकांक्षा साकार हुन्छ, र नेपाल बराबरीको राष्ट्रका रूपमा मजबुत हुन्छ।

यस सन्दर्भमा नेपाली जनताले अझै एउटा कुरा बुझ्न जरुरी छ-राष्ट्रियता कुनै दलको मात्रै मुद्दा होइन, यो सम्पूर्ण नेपालीको जीवन र भविष्यसँग जोडिएको विषय हो। तर इतिहासले प्रमाणित गरिसकेको छ, जब अन्य दलहरू विदेशी शक्तिलाई सन्तुष्ट पार्न व्यस्त हुन्छन्, एमाले मात्र राष्ट्रको ढाल बनेर उभिन्छ । त्यसैले चेतनशील नागरिकको पहिलो दायित्व हो-राष्ट्र बेच्ने प्रवृत्तिलाई अस्वीकार गर्दै आत्मनिर्भर अर्थतन्त्र र स्वाधीन परराष्ट्र नीतिमा प्रतिबद्ध एमालेलाई सशक्त बनाउनु। यही बाटोले मात्र नेपाललाई सुरक्षित, सम्मानित र समृद्ध बनाउँछ।

यसैले, निष्कर्ष स्पष्ट छ-नेपाल बचाउन एमालेलाई बचाउनै पर्छ । एमाले विकल्प मात्र होइन; आजको नेपालको सार्वभौमिकता र अस्तित्वका लागि एमाले नै अपरिहार्य शक्ति हो।

## बौद्ध कानुनमा वनस्पतिको अधिकार :

# सबै प्राणी जीवन संरक्षणको आधार



राजबि थारू

वनस्पति भन्नाले सम्पूर्ण बोटबिरुवाहरुको समग्र रूपलाई जनाउँछु। रुख, घाँसपात, झाडी, स्याउलालगायत सम्पूर्ण बोटबिरुवाहरुको संयुक्त स्वरूप नै वनस्पति हो।

मानिस एक विवेकशील प्राणी हो । मानिस बाहेक कसैले कुनै प्राणी तथा बोटबिरुवाहरूले हामीलाई यो अधिकार हुनुपर्छ वा यो हाम्रो अधिकार हो भनेर भन्दैन। तर बोटबिरुवाहरू पनि वातावरणको एउटा अभिन्न अंग र मानव जातिलगायत अन्य सम्पूर्ण प्राणीलाई नभई नहुने मानव जाति, अन्य प्राणी र बोटबिरुवा तथा वनस्पति एकअर्काबिच अन्तरसम्बन्धित भएको हुनाले वनस्पतिको उपयोग, तथा संरक्षण र संवर्धन गर्न वनस्पतिको अधिकार बनाइएको हुन्छ जुन अधिकारलाई वनस्पति अधिकार भनिन्छ।

बौद्ध दर्शनले सबै कुराको अन्तरसम्बन्धमा विश्वास गर्दछ । यसको धारणाअनुसार मानिस प्रकृतिसँग गहिरो रूपमा जोडिएको छ। सम्पूर्ण विश्वको कुनै अंशलाई हानि पुर्‍याउनु भनेको सम्पूर्णलाई हानि पुर्‍याउनु हो। त्यसैले यदि मानिसहरूले प्रकृतिसँग मिलेर बस्छन् भने सम्पूर्ण संसारलाई फाइदा पुग्नेछ। बुद्धले वातावरणको बारेमा अग्गञ्ञ-सुत्तमा भन्नु भएको छ, "हामी सुखद पृथ्वीमा बस्दैछौं, यसले हामीलाई दीर्घकालीन समयसम्म पोषण गरेको छ । तर जब दुष्ट र अनैतिक कार्यहरू मानिसहरूमा व्यापक हुनेछन्, स्वादिष्ट पृथ्वी अन्ततः हराउनेछ ।" धम्मपद मा पनि वातावरणसँग सम्बन्धित श्लोकहरू पाइन्छन् जसले प्रकृतिसँग मिलेर बस्ने र आत्म-अनुशासन अभ्यास गर्ने कुरामा जोड दिन्छ । थाइल्यान्डमा थाई बौद्ध इकोलोजी भिक्षुहरूको संगठन स्थापना गरिएको छ । यहाँ भिक्षुहरूले पर्यावरण संरक्षणमा बौद्ध सिद्धान्तलाई पारिस्थितिक अभ्याससँग जोडेर महत्त्वपूर्ण योगदान दिएका छन् । उनीहरूले "वृक्ष अभिषेक" नामक अनुष्ठान गर्छन् । यसले रूखलाई मात्र पवित्र ठहराउँदैन, बरु वन संरक्षणको महत्त्वबारे जनचेतना पनि फैलाउँछ।

बौद्ध धर्म सबै प्राणीको हितका लागि हो । यसमा बिरुवा र रूखहरूको समेत हित समावेश हुन्छ। भिक्षुहरूले घाँसमा नहिँड्नुपर्ने, पात नतोड्नुपर्ने, कुनै पनि बिरुवालाई अकारण उखेल्न वा नष्ट गर्न नहुने व्यवस्था छ। बौद्ध धर्मले प्रत्येक अस्तित्वको पछाडि कारण वा कारणहरूको श्रृंखला हुने विश्वास गर्दछ। यसैले बिरुवा र वनस्पतिको अस्तित्वले अन्य प्राणीहरूको जीवनलाई धान्छ। यदि बिरुवाहरू हटाइए भने पृथ्वी अक्सिजन विहीन भई, जीवित प्राणीहरू श्वासविहीन हुन्छन् र नष्ट हुन्छन् । बौद्ध पर्यावरणविद्हरू भन्छन् कि सार्वभौमिक पीडाबोधले सबै जीवनका लागि करुणा उत्पन्न गर्छ। उनीहरूले यो करुणा र सम्मानलाई मानिस र जनावर मात्र नभई बिरुवा र पृथ्वीमा पनि विस्तार गर्छन्। बौद्ध धर्मले मानव नैतिकता र वातावरणको स्वास्थ्यबिचको गहिरो सम्बन्धलाई जोड दिन्छ । अज्ञेय सुत्तले आदिम प्राणीहरूमा लोभको उदयले कसरी वातावरणीय क्षय निम्त्यायो भनेर वर्णन गर्दछ, "लोभको माध्यमबाट, चोरी र झूट बोल्ने जस्ता दुर्गुणहरू समाजमा प्रकट भए।" यो कथाले नैतिक असफलताहरूले पारिस्थितिक असन्तुलनमा कसरी योगदान पुर्‍याउँछ भनेर चित्रण गर्दछ, जसले सुझाव दिन्छ कि वातावरणीय सद्भाव कायम राख्न नैतिक व्यवहार आवश्यक छ।

करुणा बौद्ध नैतिकताको एक मुख्य सिद्धान्त हो जुन सबै प्रकारका जीवनहरूमा फैलिएको छ, जनावर र बोटबिरुवाहरूको नैतिक उपचारलाई सूचित गर्दछ। सामान्य बौद्धहरूका लागि नैतिकताको आधारभूत संहिता, पाँच उपदेशहरूले जीवित प्राणीहरूलाई हानि पुर्‍याउनबाट टाढा रहनुको महत्त्वलाई जोड दिन्छ । बुद्धले सिकाउनुभयो कि "जसरी आफ्नो जीवन आफ्नो लागि बहुमूल्य छ, त्यसरी नै अर्कोको जीवन पनि आफ्नो लागि बहुमूल्य छ।" यो सिद्धान्तले प्रकृतिप्रति श्रद्धालु मनोवृत्तिलाई बढावा दिन्छ, जैविक विविधताको रक्षा गर्ने र पारिस्थितिक सन्तुलनलाई प्रवर्धन गर्ने अभ्यासहरूलाई प्रोत्साहन दिन्छ।

वर्तमान विश्वको कुरा गर्नुपर्दा वनस्पति संरक्षण सम्बर्धनका लागि विभिन्न नियम कानुनहरू बनेका छन्। वनस्पति संरक्षणका लागि अन्तर्राष्ट्रिय रूपमा भएका सन्धि सम्झौतालाई हेर्नुपर्दा जैविक विविधतासम्बन्धी सन्धि (CBD), १९९२, लोपोन्मुख वनस्पति तथा जनावर प्रजातिहरूको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी सन्धि (CITES), १९७३, संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन रूपरेखा सन्धि (UNFCCC) र पेरिस सम्झौता, संयुक्त राष्ट्रसंघीय मरुभूमीकरणविरुद्धको सन्धि (UNCCD) लगायतका सन्धि सम्झौताहरुले वनस्पति संरक्षण सम्बन्धी कार्य गरेको देखिन्छ।

नेपालको सन्दर्भमा हेर्नुपर्दा नेपालको संविधान २०७२ को धारा ३० मौलिक हकअन्तर्गत स्वच्छ वातावरणको हक पनि व्यवस्था गरिएको छ । त्यसैगरी धारा ५१ राज्यका नीतिहरुअन्तर्गत रहेको प्राकृतिक साधन स्रोतको संरक्षण सम्वर्धन र उपयोगसम्बन्धी नीतिमा जनसाधारणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाइ औद्योगिक एव भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्धन र दिगो उपयोग गर्ने, भनी उल्लेख गरिएको छ। वन ऐन २०७६, वन र वनस्पतिको संरक्षण, व्यवस्थापन र प्रयोग सम्बन्धी नियमले अवैध कटान, चोरी निकासी, वन क्षति गर्नेलाई दण्डको प्रावधान रहेको छ। वातावरण संरक्षण ऐन, २०७६, वातावरणीय प्रभाव मूल्यांकन (EIA) र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को प्रावधान तथा प्राकृतिक स्रोत (वनस्पति, जल, भूमि) को दिगो संरक्षणसम्बन्धी नियमहरु रहेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, राष्ट्रिय पार्क, संरक्षित क्षेत्र, र आरक्षभित्र वनस्पति संरक्षण गर्ने विरुवा वा रूखलाई नष्ट वा क्षति पुर्‍याएमा दण्ड दिने व्यवस्था रहेको छ।

सर्वोच्च अदालतले प्रतिपादन गरेका नजिरहरु जस्तै निवेदकः प्रकाशमणि शर्माविरुद्ध. विपक्षीः नेपाल सरकार ने.का.प. निर्णय नं. ९५७५, नयनबहादुर नामजली मगर विरुद्ध. जिल्ला वन कार्यालय, डोटी ने.का.प निर्णय नं. ९८८५, लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नजिरहरु ले पनि वन तथा वनस्पति संरक्षणको क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेका छन्।

अन्ततः मानव जातिलगायत अन्य प्राणी र वन तथा वनस्पतिबिच अन्योन्याशृत सम्बन्ध छ । वन र वनस्पति भएकै कारणले अन्य प्राणीको जीवन सम्भव छ र यो हामी सबैलाई थाहा भएको तितो सत्य हो। वनस्पति संरक्षण र विनाश दुबैको कारक मानव जाति हो । त्यसैले हामीले कुनै कानुनबाट हुने सजायको डरबाट नभई बौद्ध धर्मको अभिन्न अंगको रूपमा रहेका करुणा र नैतिकताको रूपमा वन तथा वनस्पति संरक्षण र सम्वर्धन गरी पृथ्वी मा भएका सबै प्राणीहरुको आयु अर्थात् जीवन दीर्घ बनाउनुपर्छ।

भबतु सब्ब मङ्गलम !

(लेखक लुम्बिनी बौद्ध विश्वविद्यालय स्कुल अफ ल को बी.ए.एल.एल.बी.दोस्रो सेमेस्टरमा अध्ययनरत विद्यार्थी हुन्।)

# नेप्से परिसूचकमा ५३ उच्च अङ्कको सुधार



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार उच्च अङ्कको सुधार देखिएको छ। नेप्से परिसूचक ५३ दशमलव शून्य एक अङ्कले बढेर दुई हजार ८१९ दशमलव १० को विन्दुमा कायम भएको हो। यो एक दशमलव ९१ प्रतिशतको सुधार हो।

३२१ कम्पनीको एक करोड ४९ लाख ८६ हजार १४२ कित्ता शेयर ७२ हजार ५२८ पटक खरिदबिक्री हुँदा रु सात अर्ब ६८ करोड ३३ लाख ८६ हजार ४४१ दशमलव ७० को कारोबार भएको नेप्सेले जनाएको छ। कारोबारमा सबै समूहको उपसूचक बढेको छ। बैंकिङ एक दशमलव ३८, विकास बैंक तीन दशमलव ४०, वित्त एक दशमलव ९८, होटल तथा पर्यटन एक दशमलव ६६, जलविद्युत् एक दशमलव ८५, लगानी दुई दशमलव १९ र जीवन बिमा समूह दुई दशमलव २१ प्रतिशतले बढेको छ।

त्यस्तै, उत्पादन तथा प्रशोधन दुई दशमलव ६९, लघुवित्त एक दशमलव शून्य नौ, म्युचुअल फण्ड शून्य दशमलव ४७, निर्जीवन बिमा एक दशमलव ६८, व्यापार दुई दशमलव ६८ र अन्य समूह दुई दशमलव १४ प्रतिशतले बढेको छ । विकास हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा बढी केबिएल डिबेञ्चर-२०८६ को शेयर मूल्य पाँच दशमलव ७९ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ६५ करोड ४२ लाख ७४ हजार २५५ बराबरको शेयर किनबेच भएको छ। त्यस्तै, कारोबार भएका शेयर संख्याका आधारमा ग्रीन भेन्चर लिमिटेडको आठ लाख ४६ हजार ६२३ कित्ता शेयर किनबेच भएको छ।

# यातायात व्यवस्था सेवा कार्यालय रुट पर्मिटका लागि बेलहिया जानुपर्ने बाध्यता



**मोहम्मद हबिब**

*भैरहवा*

यातायात व्यवस्था सेवा कार्यालय भैरहवाले एक वर्षमा १ लाख ११ हजार १ सय ७८ जनालाई सेवा प्रवाह गरेको छ। सेवाग्राहीको सहजताका लागि भैरहवामा स्थापित कार्यालयले वार्षिक राजश्व योग्दानमा बढोत्तरी गर्दै आएको छ।

हाल लुम्बिनी प्रदेश सरकार द्वारा सञ्चालित यातायात व्यवस्था सेवा कार्यालय भैरहवाले आ.व.२०८१/०८२ मा कुल ४८ करोड १३ लाख ८ हजार ४ सय ९ रुपैयाँ राजश्व संकलन गरेको छ। अघिल्लो आर्थिक वर्ष २०८०-८१ मा कार्यालयले ४१ करोड ३० लाख ३९ हजार ९ सय ८ रुपैयाँ राजश्व संकलन गरेको थियो। गत वर्षको तुलनामा २१ प्रतिशतले राजश्व संकलन बढेको छ।

कार्यालयका निमित्त प्रमुख नरबहादुर अर्यालका अनुसार २०८०-८१ मा सार्वजनिक तथा निजी सवारी साधन नविकरण ५२ हजार४८, यात्रुबाहक/मालबाहक सार्वजनिक सवारी साधनको स्थायी बाटो इजाजतपत्र रुट नवीकरण १ हजार २ सय १९, सवारी साधनको प्राविधिक जाँचपास १ हजार ४ सय ६ वटा, अस्थायी बाटो इजाजतपत्र पटके सेवा ३ हजार ८ सय ९७, विदेशमा दर्ता भएको अनुमति पत्र ३३ हजार ७५ र सवारी प्रदूषण ३० वटा गरी ९१ हजार ६ सय ७५ वटा विभिन्न सेवा लिएका थिए। जसबाट ४१ करोड ३० लाख राजश्वमा योग्दान भएको थियो।

वर्ष २०८१/८२ मा सेवालिनेको संख्यामा गिरावट देखिए पनि राजश्व संकलन भने बढेको छ। यो वर्षमा सार्वजनिक तथा निजी सवारी साधन नविकरण ४१ हजार ३ सय ३१, यात्रुबाहक/मालबाहक सार्वजनिक सवारी साधनको स्थायी बाटो इजाजतपत्र रुट नवीकरण २ हजार २ सय १४, सवारी साधनको प्राविधिक जाँचपास १ हजार ५ सय ३० वटा, अस्थायी बाटो इजाजतपत्र पटके सेवा २ हजार ८ सय १९, विदेशमा दर्ता भएको अनुमति पत्र ६२ हजार ७५ र सवारी प्रदूषण ३३ वटा गरी १ लाख ११ हजार १ सय ७८ वटा विभिन्न सेवा लिएका थिए। जसबाट ४८ करोड १३ लाख राजश्व योगदान भएको छ।

कार्यालयका अनुसार विगतको भन्दा अहिले भारतिय पर्यटकहरु बढी आउने भएकोले विदेशी पर्यटकीय गाडीहरुबाट राजश्व संकलन उल्लखनीय रुपमा बढेको छ। एक वर्षको दौरान करिब दोब्बर नै भारतिय पर्यटकका गाडी बेलहिया नाकाबाट आएको देखिन्छ, जसबाट १२ करोड ८५ लाख १२ हजार ३ सय ७५ रुपैयाँ राजश्व संकलन भएको छ।

कार्यालयले सवारी कर नविकरण, लुम्बिनी प्रदेश भित्रका रुटपरमिट र जाँसपास नविकरणलगायतका सेवा दिँदै आएको छ। यातायात कार्यालयले २०६८ सालदेखि पटके सेवा सञ्चालन गरेको भए पनि भैरहवामा आर्थिक वर्ष २०७१/०७२ बाट सेवा इकाई कार्यालयको स्थापनासँगै रुट प्रमिट दिन सुरु गरेको थियो। तत्कालिन समयमा सिद्धार्थ उद्योग वाणिज्य संघको भौतिक सहयोगमा नेशनल ट्रेडिङमा कार्यालय स्थापना भएपनि हाल अञ्चलपुरमा कार्यालयबाट सेवा प्रवाह गरिरहेको छ।

आर्थिक २०८१/०८२ मा सवारीसधनको करबाट ३१ करोड ८० लाख, सवारी नविकरणबाट २ करोड १९ लाख, पटके सेवाबाट १२ करोड ८५ लाख, भाडाको गाडीबाट आयकर १ करोड २७ लाख राजश्व योग्दान भएको कार्यालयका लेखापाल मोहन रानाले बताए। उनका अनुसार लुम्बिनी प्रदेशको ऐन अनुसार यो वर्ष ओभरलोड बोकेका ३ सय १६ भारतिय सवारीलाई समेत कारबाहीको दायरामा ल्याई जरिवाना गरिएको छ।

**रुट पर्मिटका लागि बेलहिया जानुपर्ने बाध्यता**

यातायात व्यवस्था सेवा कार्यालय भैरहवाले वेलहियाबाट अस्थायी पटके इजाजत पत्र (रुट प्रमिट) सेवा दिँदै आएको छ। सीमित जनशक्तिको कारण स्थलमार्ग हुँदै सबैभन्दा बढी पर्यटक भित्रिने नाकाको रुपमा रहेको बेलहिया नाकामै पर्यटकलाई लक्षित गर्दै सेवा दिँदा अन्य सेवाग्राही रुटपर्मिटको लागि बेलहिया नै जानुपर्ने बाध्यता छ।

कार्यालयमा हाल ८ जना मात्रै जनशक्ति हुनु जसमध्ये २ जनाले बेलहियाबाट सेवा दिँदा जनशक्ति अभावले सेवाग्राहीहरु सीमामा पुग्नु पर्ने स्थिति सृजना भएको हो। दैनिक २ सयको हाराहारीमा पटके सेवा लिने गरेकोमा सीमित जनशक्ति भएकोले अधिकांशको माग बमोजिम सीमा विन्दुमा नै सेवा दिनु पर्ने अवस्था आएको भैरहवा सेवा कार्यालयका निमित्त कार्यालय प्रमुख नरबहादुर अर्यालले बताए।

'सीमित जनशक्ति भएकोले कार्यालयबाट रुट पर्मिट दिन असमर्थ रहेका छौं। यहाँका लागि जनशक्ति कम भएकोले सेवा नै बेलहियाबाट दिनु परेको जसका लागि २ सिफ्टमा सेवा दिइरहेका छौं।'- उनले भने। भैरहवा आउने सेवाग्राहीलाई पनि बेलहिया पठाउँछौं। बेलहियाबाट सेवा दिँदा भारतिय पर्यटकलाई यातायात व्यवस्था सेवा कार्यालय पुग्नु पर्ने बाध्यता हटेको छ। रुट पर्मिटको लागि दैनिक सरदर २ सय जना सेवाग्राही भारतीय हुने र १०-२० जना मात्रै स्वदेशमा रहेका कार्यालय नविकरणका लागि आउने गरेको कार्यालय प्रमुखको भनाइ छ। सीमामै सेवा दिन थालेपछि राजश्वमा पनि बढोत्तरी भएको छ, इजाजत पत्रका लागि बुटवल बसपार्कमा पनि काउन्टर रहेको अर्यालले जानकारी दिए।

# सिँचाइका लागि एक वर्षमा १६ डिप बोरिङ वितरण

नवलपरासी । : नवलपरासी (बर्दघाट-सुस्तापूर्व)मा एक वर्षको अवधिमा सिँचाइका लागि १६ वटा 'डिप बोरिङ' वितरण गरिएको छ। गत आर्थिक वर्ष २०८१/०८२ मा वितरण भएको डिप बोरिङले जिल्लाका करिब ४२५ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको भूमिगत जल सिँचाइ आयोजना कार्यालय भरतपुरले जनाएको छ।

आयोजना प्रमुख इञ्जिनियर विश्वबन्धु केसीले एउटा डिप बोरिङबाट करिब २५ देखि ३० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्ने बताए। "हामीले गत वर्षबाट मात्रै नवलपरासी (बर्दघाट-सुस्तापूर्व)मा डिप बोरिङको काम गरेका हौँ", उनले भने-"एउटा डिप बोरिङबाट करिब १५० जनासम्म कृषक लाभान्वित हुनुभएको छ।" जिल्लाको गैँडाकोट नगरपालिकामा पाँच, विनयी त्रिवेणी गाउँपालिकामा चार, मध्यविन्दु नगरपालिकामा तीन, कावासोती नगरपालिकामा तीन र देवचुली नगरपालिकामा एउटा डिप बोरिङ वितरण गरिएको जानकारी दिए।

किसानबाट माग भएपछि सम्भाव्यता अध्ययन गरी प्राथमिकताको आधारमा डिप बोरिङ वितरण गरिने आयोजना प्रमुख केसीले बताए। "डिप बोरिङ माग गर्नका लागि ३५ बिघा क्षेत्रफल जमिनको लालपुर्जा र वडाको सिफारिस लिएर आउनुपर्छ", उनले भने-"डिप बोरिङमा पानी आउने सम्भावित अवस्था छ कि छैन अनुगमन गरेर, आवश्यकता पहिचान गरी प्रक्रियामा जान्छौँ।" किसानबाट डिप बोरिङको माग धेरै हुने तर स्रोतसाधनको सीमितताका कारण सबैलाई उपलब्ध गराउन सक्ने अवस्था नरहेको उनले जनाए।

चालु आवका लागि नवलपुरका पाँच वटा पालिकाबाट २० डिप बोरिङको माग भई आएको केसीले बताए। "अघिल्लो वर्ष किसानको मागबामोजिम डिप बोरिङ वितरण गर्न सफल भयौँ, तर यसवर्ष बजेट थोरै आएको छ", उनले भने-"हाम्रो कार्यक्रममा नवलपुर, चितवन र मकवानपुरको तीन जिल्लाका लागि जम्मा १२ वटा बोरिङ स्वीकृत भइ आएको छ।" समानुपातिक हिसाबबाट वितरण गर्दा पनि एउटा जिल्लामा चारवटाभन्दा बढी डिप बोरिङ उपलब्ध गराउन सक्ने अवस्था नरहेको उनले जानकारी दिए।

प्रतिबोरिङ निर्माण गर्नका लागि रु २१ लाख खर्च हुने भन्दै उनले तीन प्रतिशत जनसहभागिता हुनुपर्ने बताए। "किसानको जनसहभागिता श्रमदान तथा नगद दुवैमा गर्न सक्नुहुन्छ", उनले भने-"हालसम्म किसानको सहभागिता श्रमदानमार्फत हुँदै आएको छ।" नवलपुरको गैँडाकोट, कावासोती र विनयी त्रिवेणीमा करिब १०० मिटर गहिराइबाट पानी आउने गरेको भन्दै उनले मध्यविन्दु र देवचुलीमा भने ११० मिटरभन्दा बढी गहिराइको बोरिङ गाड्नुपरेको उल्लेख गरे।

"हामीले आवश्यकता पहिचान गर्दा नहर लाग्ने, कुलो लाग्ने तथा खोलाको पानी लाग्ने ठाउँमा बोरिङ वितरण गर्दैनौँ", उनले भने-"जुन ठाउँमा सिँचाइका लागि पानी आवश्यक छ, कुलो तथा नहर छैन त्यस्ता ठाउँमा मात्रै बोरिङ दिने गरेका छौँ।" बोरिङ गाड्दा पानी आउने सम्भावना नभएको ठाउँमा समेत आफूहरुले कार्यक्रम दिन नसक्ने केसीले बताए। जिल्लाको हुप्सेकोट गाउँपालिका, बौदिकाली गाउँपालिका र बुलिङटार गाउँपालिकाको सबै भाग पहाडी क्षेत्रमा पर्ने भन्दै उनले ती पालिकामा आफूहरुको कार्यक्रम नभएको बताए।

## रविको...

जिल्ला अदालतका न्यायाधीश नारायण सापकोटाको इजलासले साउन २६ गते उनको निवेदनमा सुनुवाइ गर्दै रिहा गर्न अस्वीकार गरेको थियो।

बुटवलको सुप्रिम सहकारी ठगीमा रविसहितका प्रतिवादीलाई १० करोड ९९ लाख ३६ हजार रुपैयाँ सामूहिक बिगो कायम गरेर अभियोग पत्र दायर गरिएको छ। तर रविले त्यसको चार भागमध्ये आफ्नो भागको एक भागबराबर बिगो दाखिला गरेको कागजात पेस गरेका थिए। रविले २ करोड ७४ लाख ८४ हजार रुपैयाँको बैंक जमानत निवेदनसाथ पेस गरेका थिए।

जिल्ला अदालतले भने उनको भागमा कति बिगो कायम हुने भन्ने नै एकीन नभएकाले रिहा गर्न नमिल्ने आदेश गरेको थियो। तर यो मुद्दाको प्रकृति विचार गर्दा छिटो छरितो निरुपण हुन उचित देखिएको भन्दै यथाशिघ्र काम कारबाही गर्न जिल्लाले आदेश गरेको थियो। चैत २५देखि झण्डै साढे चार महिनासम्म भैरहवा कारागारमा रहेका उनलाई हाल ललितपुरको नख्खु कारागार सरुवा गरिएको छ।

## गैरनाफामूलक...

कार्यक्रममा सहभागीहरूले संविधानले सुनिश्चित गरेको पेशा, व्यवसाय र लगानीको सुरक्षाविरुद्ध नीति ल्याउने कार्य लोकतान्त्रिक अभ्यासको अपमान भएको भन्दै सरकारले गम्भीरतापूर्वक ध्यान दिनुपर्नेमा जोड दिए।

कार्यक्रममा प्याब्सन प्रदेश अध्यक्ष लालहरि पाण्डे, बुटवल उद्योग वाणिज्य संघका हरि अर्याल, पुस्तक तथा स्टेशनरी व्यवसायी संघका बालाकृष्ण भण्डारी, नेपाल अभिभावक संघका लोकनाथ ज्ञवाली, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रामराज पोखेल, जिल्ला अध्यक्ष दिनेश पाण्डेयसहित होटल व्यवसायी संघ, वस व्यवसायी संघ, यातायात मजूर भलाई कोष, मेडिकल व्यवसायी संघलगायतका प्रतिनिधीहरूले विद्यालयको संघर्षमा ऐक्यबद्धता जनाए।

कार्यक्रममा प्याब्सन जिल्ला सचिव बोधराज गौडेल, नेशनल प्याब्सन जिल्ला अध्यक्ष बाबुराम बन्जाडेलगायतले मन्तव्य राखेका थिए।


नेपाल सरकार

**उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय**

**कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौँ**

**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

दर्ता नं. १७१३७०मा दर्ता भएको अनलाइन विज्ञापन सेवा प्रा.लि.को कम्पनी दर्ता खारेजी गर्ने मागर सो सम्बन्धमाकम्पनी रजिष्ट्रार कार्यालयका सहायक रजिष्ट्रार समक्ष गरिएको सनाखत समेतका पेश गरिएका कागजातहरु अनुसार रमिति २०८२/०५/०५मा कम्पनी रजिष्ट्रार कार्यालयको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १३६ (१) अनुसार उपरोक्त कम्पनीको दर्ता खारेजी गर्ने निर्णय भएकोले सोही व्यहोरा सम्बन्धित सवैको लागी सूचित गरिन्छ।



**SUNWAL MUNICIPALITY**

**OFFICE OF MUNICIPAL EXECUTIVE**

**SUNWAL, NAWALPARASI**

**Lumbini Province , Nepal**

**Invitation for Bids-(E-bidding only)**

First Date of publication Date of publication 28th August, 2025A.D ( 12th Bhadra 2082 B.S)

♦ Sunwal Municipality Office of Municipal Executive, Sunwal, Nawalparasi invitesE-bids from eligible and qualified bidders for the Procurement of the following Projects.

| Contract no. | Name of Project | Estimated Amount Excluding VAT NRs. | Bid Security Amount, NRs. | Bid Doc. Fee Nrs. | Bid Submission Deadline | Bid opening Deadline |
|---|---|---|---|---|---|---|
| 01.SUN/ NCB/ 2082 /83 | Jagannath Ma. Vi. Vidhyalaya Bhautik Purvodhar Nirman, Sunwal -12 | 2580556.37 | 75000 | 3000 | 12/06/2082 B.S 28/09/2025 A.D within 12:00 hrs | 12/06/2082 B.S 28/09/2025 A.D At 13:00 hrs |
| 02.SUN/ NCB/ 2082/83 | Bhu. Pu. Tolma Sahari Purvodhar Nirman, Sunwal -06 | 1721890.34 | 50000 | 3000 | | |
| 03.SUN/ NCB/ 2082/83 | Swasthya Chowki Bhawan Nirman, Sunwal-11 | 2151896.70 | 63000 | 3000 | | |
| 04.SUN/ SQ/2082 /83 | Somnathma Braman Samaj Bhawanko Bhautik Purvodhar Nirman, Sunwal-01 | 860693.87 | 25000 | 1000 | 27/05/2082 B.S 12/09/2025 A.D within 12:00 hrs | 27/05/2082 B.S 12/09/2025 A.D At 13:00 hrs |

♦ Eligible bidders must visit PPMO website www.bolpatra.gov.np/egp to obtain further information and inspect the bidding documents

♦ Any conditions not covered so far shall be as per FAR 2056 (Latest Revision), Procurement Act 2063, and Procurement Regulation 2064 (Latest amendment).

♦ Any amendment in this notice shall be pasted on the notice board of the client's office& PPMO online Portal.

♦ SunwalMunicipality,Office of Municipal Executive reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason, whatsoever.



**सडक पूर्वाधार विकास कार्यालय**

**तम्घास, गुल्मी**

**प्राविधिक प्रस्ताव स्वीकृत/आर्थिक प्रस्ताव खोल्ने सुचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०५/११

यस कार्यालयबाट मिति २०८२/०३/२६ गते लुम्बिनी राष्ट्रिय दैनिकसाथै धधध.दयउिबतचब.नयख.लउ/भनउ माप्रकाशित सुचना अनुसार देहाय कार्यका लागी निर्धारित समय भित्र दर्ता भएका बोलपत्रहरु खोलि प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भई सफल भएका हुदाँ निम्न स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोल्ने गरी प्राविधिक प्रस्ताव स्वीकृतको लागि छनौट भएको हुदाँ सम्बन्धित सबैको जानकारिको लागि सार्वजनिक खरिद नियमावली २०६४ को (संशोधन सहित) को नियम ३१ (ज) को उपनियम५बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

| S. N | Name of Project | Contract ID | Substantially Responsive Bidder in Technical Evaluation | Opening Date, Time & Venue |
|---|---|---|---|---|
| 1 | Upgrading of Gaidakot-Jubhung-Majuwa (Thulachaur-Ghumti-Jubhung-Majuwa Road Section)-Gulmi Durbar 7, 3 hudai 2 Number Ward Badigad Nadi Samma,20 K.M. Gulmi | RIDO/GUL/ W/NCB/ ROAD /134/105/ 081-82 | Rajesory Construction Pvt. Ltd., Gulmi<br>Darshan Construction Private Limited, Waling<br>Arjun Builders and Construction Pvt. Ltd., Resunga<br>Thapa Engineering, Butwal<br>SagarNirmanSewa-RuruResunga Construction & Supplier Pvt. Ltd. JV, Arghakhachi<br>SaphalConstructoin&Equipement Pvt. Ltd. – Dajubhai NirmanSewa J.V, Bharatpur<br>A.P Construction/Biten Construction and Suppliers Pvt. Ltd./Siddhababa Construction NirmanSewa J/V, Gulmi | Date: 2082/05/18 Time: 13:00 Venue: RIDO, Gulmi |
| 2 | Upgrading of Khaireni Johang Juniya & Bharse Satyawati Ga. Pa., | RIDO/GUL/ W/NCB/ ROAD /134/ 106/081-82 | Sagar NirmanSewa, Arghakhanchi<br>Khanal Brother Construction, Arghakhanchi<br>Gauchan Infrastructure Private Limited, Kathmandu<br>Alina BhattaNirmanSewa -BhattaNirmanSewaJ.V., Gorkha<br>Bansuri NirmanSewa, Hunga<br>Darshan Construction Private Limited, Waling | |



**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर, रुपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# यौन तथा प्रजनन् स्वास्थ्यमा ध्यान दिन जोड



**कृष्ण पोखरेल**
*पाल्पा*

विपद् तथा जोखिमका समयमा पनि यौन तथा प्रजनन् स्वास्थ्य सेवा प्रभावकारिता तथा निरन्तरता हुनुपर्नेमा सरोकारवाला पक्षहरुले जोड दिएका छन् । विश्व मानवतावादी दिवस २०२५ को अवसरमा नेपाल परिवार नियोजन संघ पाल्पाले तानसेनमा गरेको अन्तरक्रिया कायक्रममा विपद् र आपतकालीन अवस्थामासमेत यौन तथा प्रजनन् स्वास्थ्य सेवाको लागि पूर्व तयारीको रुपमा सरोकारवाला निकाय भूमिका महत्वपूर्ण हुनेमा वक्ताहरुको जोड थियो ।

प्राकृतिक तथा गैर प्राकृतिक रुपमा हुने विपद्का घटनाहरुका सबैभन्दा बढी बालबालिका, महिला र वृद्ध वृद्धाहरु पीडित हुने, हिंसामा पर्ने भएकोले बसाई व्यवस्थापनसँगै यौन तथा प्रजनन् स्वास्थ्यको विषयमा पनि विशेष ख्याल राख्नु पर्ने वक्ताहरुले जोड दिएका थिए ।

कार्यक्रममा प्रदेशसभा सदस्य एवं पूर्व मन्त्री वीरबहादुर रानाले हरेक किसिमका विपद्का घटनापछि महिला बालबालिकाहरुलाई बढी जोखिममा पर्दै आएकोले सरोकारवाला निकाय तथा व्यक्तिसँगको छलफल अन्तरक्रिया तथा संवादले आगामी दिनमा हुने विपद् स्वास्थ्य जोखिमलाई न्यूनीकरण गर्ने बताए । विगतामा भूकम्प, कोरोना कहरबाट पाठ सिक्दै तथा जिल्लामा हुने गरेको बाढी पहिरो, आगलागी जस्ता विपद् घटनामा महिला तथा बालबालिकाको स्वास्थ्य सुरक्षा तथा उपचारको लागि कार्ययोजना बनाएर काम गर्दै आएको सहायक प्रमुख जिल्ला अधिकारी ऋषिराम सुवेदीले जानकारी दिए ।

कार्यक्रममा नेपाल नेत्र ज्योति संघ पाल्पाका सभापति बुद्धिप्रसाद शर्मा, पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष मुक्ति न्यौपानेलगायतका वक्ताहरूले विपद्पश्चात् देखिने स्वास्थ्य जोखिमका बिचमा महिलाहरू र संवेदनशील समुदायलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए । सो अवसरमा सहभागीहरूले विपद्का बेला महिलाको सम्मान, सुरक्षित वातावरण र प्रजनन् स्वास्थ्य अधिकारलाई आधारभूत मानवीय अधिकारको रूपमा व्यवहार गर्नुपर्ने बताएका थिए ।

कार्यक्रममा नेपाल परिवार नियोजन संघ पाल्पाका प्रबन्ध निर्देशक सोवाकान्ता न्यौपानेले विपद् र आपतकालीन अवस्थामा महिला तथा बालबालिकाहरुमा पर्ने असरको बारेमा प्रष्ट पारे । संस्थाका प्रवन्ध निर्देशक न्यौपानेले विपदमा गर्नुपर्ने, प्रजनन् स्वास्थ्य सेवाको पूर्वतयारी, आवश्यक औषधि तथा सामग्रीको उपलब्धता, तालिमप्राप्त स्वास्थ्यकर्मीको परिचालन र महिलाको सुरक्षा अवस्थाबारे जानकारी दिए । उनले विपद् आएपछि गर्भवती, सुत्केरी र महिलाहरू बढी जोखिममा पर्ने भएकाले सुरक्षित प्रसूति सेवा, परिवार नियोजन, यौन हिंसाबाट जोगाउने उपाय, तथा स्वास्थ्य संस्थासँग सहकार्य अनिवार्य हुनेमा जोड दिए । कार्यक्रममा वक्ताहरूले विपद् व्यवस्थापन योजनामा स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्न, सञ्चार माध्यममार्फत् जनचेतना अभिवृद्धि गर्न र स्थानीय तह तथा समुदायबिच सहकार्य मजबुत बनाउनुपर्ने सुझाव दिए ।

नेपाल परिवार नियोजन संघ पाल्पाका कार्यवाहक सभापति माधव अर्यालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन संस्थाका कार्यसमिति सदस्य पुष्करराज रेग्मीले गरेका थिए । संस्थाले विपद् स्वास्थ्यमा सहयोग पुऱ्याउने सुरक्षा निकाय, विभिन्न संघ संस्थाहरुलाई सम्मान गरेको थियो ।

# स्याङ्जाका कृषकलाई २.५४ प्रतिशत बजेट

**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जाका नगरपालिका र गाउँपालिकाहरुले वर्षभरि खर्च गर्ने कुल बजेटको करिब तिन प्रतिशत रकम मात्रै कृषि क्षेत्रको विकासमा छुट्टाउने गरेका छन् । आर्थिक वर्ष २०८१/०८२ मा पालिकाहरुले कृषि क्षेत्रको विकासका लागि २.५४ प्रतिशत मात्रै बजेट छुट्टाएको तथ्याङ्कले देखाउँछ ।

जिल्लाका पालिकाले विनियोजन गरेको झण्डै तीन प्रतिशतको कुल बजेटमा अतिन्यून अर्थात् ४९ प्रतिशत मात्रै बजेट खर्च भएको छ । ११ पालिकाको ७ अर्ब १७ करोड ५५ लाख ५८ हजार कुल बजेट छ । कुल बजेटमध्ये कृषि क्षेत्रमा विनियोजित १८ करोड २५ लाख ७९ हजारमा ४९ प्रतिशत अर्थात ८ करोड ९७ लाख ८८ हजार मात्रै खर्च भएको छ । बजेट विनियोजन गर्नमै कञ्जुस बनेका जनप्रतिनिधि खर्च गर्न र गराउन समेत चुकेको तथ्याङ्कबाट स्पष्ट हुन्छ ।

जिल्लाका ५ नगरपालिका र ६ गाउँपालिकामध्ये नगरतर्फ गल्याङ नगरपालिकाले सबैभन्दा धेरै ८ दशमलव ४६ प्रतिशत र भीरकोट नगरपालिकाले सबै भन्दा थोरै ०.७९ प्रतिशत बजेट कृषि क्षेत्रलाई छुट्टाएको देखिन्छ । गाउँपालिकातर्फ सबैभन्दा धेरै फेदीखोलाले ५ दशमलव ८५ र सबैभन्दा कम आँधीखोलाले ०.९८ प्रतिशत मात्रै बजेट विनियोजन गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

'पालिकाहरुले वर्षेनी ठूला-ठूला बजेट ल्याएपनि कृषि क्षेत्र उपेक्षित बनेको बजेटबाटै प्रष्ट हुन्छ ।' पुतलीबजार नगरपालिकाका नगरप्रमुख तुलसीराम रेग्मीले भने-'श्रोत सुनिश्चित नहुँदा कृषि क्षेत्रलाई आवश्यक बजेट छुट्टाउन सकिएको छैन, संघ, प्रदेश र नगरको आन्तरिक आम्दानीको ठूलो हिस्सा कृषिलाई खर्च नगरेसम्म कृषिबाट प्रतिफल नआउने, कृषिमा प्रविधिको प्रयोग र वस्तुको बजारीकरणमा चालु वर्षदेखि नगरले कृषिलाई उच्च प्राथमिकतामा राखेको छ ।'

गाईभैंसी, बाख्रा, तरकारी, मकै, मसला र दालहन बाली उत्पादनमा जोड् दिँदै आएको गल्याङ नगरपालिकाले ८२ करोड १० लाख ३७ हजार बजेटमा ८ दशमलब ४६ प्रतिशतले हुने ६ करोड ९५ लाख विनियोजन गरेको थियो । तरकारी र फलफूल खेतीमा अब्बल बताउँदै आएको वालिङ नगरपालिकाले कुल ९६ करोड १४ लाख १४ हजारको १.९१ प्रतिशत अर्थात् एक करोड १९ लाख ६५ हजार विनियोजन गरेको केन्द्र स्याङ्जाले जनाएको हो ।

आँप-लिची जोन चलेको चापाकोट नगरपालिकाले ७२ करोड ९५ लाख ९१ हजारको १.५१ प्रतिशत अर्थात् एक करोड १० लाख ५४ हजार बजेट कृषिमा छुट्टाएको थियो । सुन्तलाबाट करोडौ आम्दानी लिने कृषक रहेको पुतलीबजार नगरपालिकाले एक अर्ब ३४ करोड ६० लाख ५६ हजार कुल बजेटको ०.८३ प्रतिशतले हुने एक करोड ११ लाख ४४ हजार मात्रै विनियोजन गरेको र भीरकोट नगरपालिकाले ७८ करोड २६ लाख २० हजार कुल बजेटमा ०.७९ प्रतिशत अर्थात् ६१ लाख ५५ हजार विनियोजन गरेको तथ्याङ्कमा उल्लेख छ ।

कृषिजन्य उत्पादनको बिक्री वितरणमा हाटबजार गरेको फेदीखोला गाउँपालिकाले आफ्नो वर्षभरिको कुल बजेट ४४ करोड ३९ लाख ९३ हजारमा ५ दशमलब ८५ प्रतिशत अर्थात् २ करोड ५९ लाख ९५ हजार विनियोजन गरेको देखिन्छ । ड्रागन र मखमली फूलको व्यवसायिक उत्पादन गर्दै कृषिमा आत्मनिर्भर अभियान चलाएको कालिगण्डकी गाउँपालिकाले ६३ करोड ६४ लाख ६५ हजार कुल बजेटमध्ये २.७८ प्रतिशतले हुने एक करोड ७७ लाख विनियोजन गरेको केन्द्रले जनाएको छ ।

गाउँपालिकातर्फकै अर्जुनचौपारीले ५६ करोड ६० लाख ६२ हजार बजेटमध्ये १.९१ प्रतिशतले हुने एक करोड ८ लाख १० हजार विनियोजन गरेको थियो । बिरुवाले ४९ करोड ४६ लाख ४७ हजारमा ७३ लाख ८५ हजार अर्थात् १.४९ प्रतिशत बजेट कृषि क्षेत्रका लागि विनियोजन गरेको तथ्याङ्कमा देखिन्छ । हरिनाशले ४७ करोड ५४ लाख ५५ हजारको १.१४ अर्थात् ५४ लाख २५ हजार विनियोजन गर्दा आँधीखोलाले ५५ करोड ४६ लाख ७० हजारको ०.९८ प्रतिशतले हुने ५४ लाख ४६ हजार कृषि क्षेत्रलाई मात्रै बजेट विनियोजन गरेको थियो ।

जिल्लामा झण्डै ७५ प्रतिशत नागरिक कृषि पेशामा रहेको तथ्याङ्कले देखाउँछ । नेतृत्व नपाउँदासम्म कृषि र कृषकको हितमा काम गर्ने प्रतिबद्धता जनाउने जनप्रतिनिधिले भौतिक पूर्वाधारलाई मात्रै विकास ठानिदिँदा समस्या भएको स्थानीयको बुझाइ छ । 'पहिलो कृषि क्षेत्रमा बजेटै कम छ, भएको थोरै बजेट पनि खर्चै हुन सकेको छैन,' स्थानीयले भने-'जति खर्च भएको छ त्यो अनुत्पादक क्षेत्रमा 'बालुवामा पानी' जस्तै भएको छ, त्यस माथि प्रतिफल छैन् ।'

**विषयगत कार्यालयको खर्च पनि न्यून**

जिल्लामा कृषकसँग प्रत्यक्ष जोडिएर कृषि सम्बन्धी काम गर्ने कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र कृषि विकास श्रोत केन्द्रको कुल बजेटमध्ये न्यून प्रतिशतले हुने रकममात्रै खर्च भएको पछिल्लो तथ्याङ्कमा देखिन्छ ।

विषयगत कार्यालयहरुको कुल १७ करोड ५२ लाख चार हजार कुल बजेटको करिब ७६ प्रतिशत अर्थात् १३ करोड ३६ लाख ८५ हजार खर्च भएको केन्द्रका सूचना अधिकारी विकास विकलले जानकारी दिए । अधिकांश बजेट अनुदानमा खर्चिदा पनि विषयगत कार्यालयको उक्त खर्च न्यून हो ।

ज्ञान केन्द्रको ८ करोड १९ लाख १० हजारमध्ये ६ करोड ४३ लाख ५७ हजार अर्थात् ७८ प्रतिशत बजेट खर्च भएको छ । कृषि आधुनिकीरणको ७ करोड १३ लाख २७ हजारमा झण्डै ७४ प्रतिशत अर्थात ५ करोड २५ लाख ३९ हजार खर्च भएको थियो भने श्रोत केन्द्रको दुई करोड १९ लाख ६७ हजारमध्ये करिब ७६ प्रतिशतले हुने एक करोड ६७ लाख ८९ हजार मात्रै खर्च भएको छ ।

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सूर्य लाइफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

## पाल्पामा पहिलोपटक महिला सीडीओ

पाल्पा । गृहमन्त्रालयले पाल्पामा पहिलो पटक प्रमुख जिल्ला अधिकारीको रुपमा महिला कर्मचारीलाई खटाएको छ । मन्त्रालयले पाल्पाको प्रमुख जिल्ला अधिकारीको रुपमा बिनु बज्राचार्य कुँवरलाई जिम्मेवारी दिई जिल्लामा खटाएको हो । प्रजिअ कुँवरले पाल्पामा पहिलो महिला र ४६औं प्रमुख जिल्ला अधिकारीको रुपमा जिम्मेवारी लिएकी छन् ।

प्रजिअ कुँवर यसअघि बाग्मती प्रदेश सामाजिक विकास मन्त्रालय हेटौडामा सचिवको रुपमा काम गर्दै आएकी थिइन । साथै प्रजिअले कुँवर शहरी विकास मन्त्रालय, राष्ट्रिय सर्तकता केन्द्र, श्रम मन्त्रालय, पुन निर्माण प्राधिकरण र सूचना आयोगमा काम गरी पछिल्लो पटक पाल्पा गृहमन्त्रालयअन्तरगत प्रजिअको भूमिकामा पाल्पा आएको बताइन् ।

प्रजिअ कुँवरले पाल्पाली पत्रकारहरुसंग अन्तरक्रिया गर्दै नागरिक सेवा सुविधालाई ध्यान दिने, जिल्लाको शान्ति सुरक्षा, सुशासनमा प्राथमिकता दिने, जिल्लाका समस्याहरु समाधान गर्न सरकारी तथा गैर सरकारी पक्ष, नागरिक समाज, राजनीतिक दलहरु समन्वय र सहकार्य गरेर काम गर्ने प्रजिअ कुँवरले बताइन । पारदर्शी जवाफदेहिता र सूचनाको हकलाई व्यवस्थित गर्ने प्रजिअ कुवँरले जोड दिइन ।

## बुटवल उद्योग वाणिज्य संघको साधारण सभा असोज २७ मा गर्ने निर्णय

बुटवल । बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको वार्षिक साधारण सभाको मिति तय गरिएको छ । कार्यसमिति बैठकले संघको ७२औं वार्षिक साधारण सभा आगामी असोज २७ गते सोमबारका दिन गर्ने निर्णय गरिएको संघका महासचिव मुक्तिप्रसाद अधिकारीले जानकारी दिए ।

संघका अध्यक्ष हरिप्रसाद अर्यालको अध्यक्षतामा बसेको कार्यसमिति बैठकले साधारण सभा तयारीका लागि विभिन्न उपसमितिहरु समेत गठन गरिएको छ । साधारण सभामा सहभागी सदस्यहरुलाई वितरण गर्ने किट व्याग व्यवस्थापनका लागि कार्यसमिति सदस्य जगन्नाथ न्यौपाने, खाना तथा खाजा व्यवस्थापनका लागि कार्यसमिति सदस्य उमेश अमात्य र स्वागत तथा सत्कारका लागि कार्यसमिति सदस्य रेनु श्रेष्ठलाई संयोजकको जिम्मेवारी प्रदान गरिएको छ ।

त्यसैगरी मतसर्वेक्षणका लागि कार्यसमिति सदस्य सुनिता शर्मा बञ्जाडे, प्रस्ताव लेखनमा कार्यसमिति सदस्य कृष्णप्रसाद पाण्डे, मञ्च तथा हल व्यवस्थापनका लागि कार्यसमिति सदस्य निर्मित कसजू, निमन्त्रणा कार्ड व्यवस्थापनका लागि कार्यसमिति सदस्य काशिराम शर्मा पौडेल, पार्किङ व्यवस्थापनको लागि कार्यसमिति सदस्य टिकाराम वञ्जाडे र सौजन्य तथा सहयोग व्यवस्थापनको लागि कार्यसमिति सदस्य गणेशप्रसाद भट्टराईलाई संयोजकको जिम्मेवारी प्रदान गरिएको हो ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यु कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-८, रुपन्देही
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत ५५ वर्षदेखि तपाईंको सेवामा समर्पित
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

### सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

नदीजन्य पदार्थको प्रथम पटक, जीवजन्तु र जडीबुटी कर संकलनको तेश्रो पटक सूचना प्रकाशित मितिः २०८२/०५/१२

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३, दफा ११ को उपदफा (२) को घ.बमोजिम प्राप्त अधिकार,भूमिकास्थान नगरपालिकाको नगर कार्यपालिका बैठकबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण २०८१ प्रतिवेदन र प्रदेश सरकार, लुम्बिनी प्रदेशद्वारा २०८२असार २५ गते प्रदेश राजपत्र अतिरिक्ताङ्क ४ मा प्रकाशित प्रदेश आर्थिक ऐन, २०८२को दफा ८ बमोजिम,तथा भूमिकास्थान नगरपालिकाको आर्थिक ऐन,२०८२ को दफा १७ बमोजिम भूमिकास्थान नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेका तपसिलमा उल्लेखित खोलाहरुबाट आ.ब २०८२/०८३ मा ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन्, संकलन तथा बिक्रीका साथै नगरपालिका भित्र उत्पादन भई व्यावसायीक कारोबार हुने जीवजन्तु, जडिबुटी लगायतका वस्तुको व्यावसायिक कारोवार गरे वापत कर संकलन गर्ने प्रयोजनका लागि (नदीजन्य पदार्थको हकमा सम्झौता भएको मिति देखि २०८३ साल जेष्ठ मसान्तसम्म र जडीबुटी र जीवजन्तु कर संकलनका लागि सम्झौता भएको मिति देखि २०८३ साल असार मसान्तसम्म) आ.ब.२०८२/०८३ मा ठेक्का प्रकृयाको माध्यमद्वारा कर संकलन गर्ने निर्णय भएको हुँदा तपसिलमा उल्लेखित शर्तहरुका अधिनमा रही ठेक्का प्रकृयामा आउन इच्छुक मुल्य अभिबृद्धि करमा अनिवार्य दर्ता भएका फर्म तथा संघ संस्थाहरुले शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. प्रत्येक ठेक्काको दरभाउपत्र फाराम प्रभु बैंक, भूमिकास्थान नगरपालिका, नुवाकोट शाखा स्थित यस कार्यालयको आन्तरिक आय खाता नं.२५८७०८६९८६८००१३८ मा रु.१०००।- (फिर्ता नहुने गरी) नगद जम्मा गरेको भौचर पेश गरीवा नगरपालिकाबाट सो रकम बराबरको रसिद काटी यस कार्यालयबाट मिति २०८२/०५/२६ गतेसम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।
२. आफूले कवोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गरी दरभाउपत्र फाराममा ठेकेदारको नाम, थर, ठेंगाना र सही छाप एवम् संस्थाको छाप समेत लगाई मिति २०८२/०५/२७ गते दिनको १२.०० बजे भित्र भूमिकास्थान नगरकार्यपालिकाको कार्यालय, नुवाकोट,अर्घाखाँचीमा दाखिला गरिसक्नु पर्नेछ ।
३. दाखिला भएका दरभाउपत्रहरु मिति २०८२/०५/२७ गते दिनको १:०० बजे भूमिकास्थान नगरकार्यपालिकाको कार्यालय, नुवाकोट,अर्घाखाँचीमा विभिन्न प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्य सो को भोलि पल्ट हुनेछ ।
४. दरभाउपत्रदाताले आफूले कवोल गरेको अंकको नेपाली भए ५ (पाँच) प्रतिशत, गैर नेपाली भए १० (दश) प्रतिशतले हुने धरौटी रकम भूमिकास्थान नगरकार्यपालिकाको कार्यालय, नुवाकोट,अर्घाखाँचीको नाममा प्रभु बैंक, भूमिकास्थान शाखा, नुवाकोट, अर्घाखाँची स्थित धरौटी खाता नं. २५८७०८६९८६८०००४८ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकद्वारा मान्यता प्राप्त बैंकद्वारा भूमिकास्थान नगरकार्यपालिकाको कार्यालय, अर्घाखाँचीको नाममा जारी भएको ९० दिन म्याद भएको विडबण्ड पेश गर्नुपर्ने छ ।
५. दरभाउपत्र फाराम स्वीकृत भएपछि दरभाउपत्रदाताले कवोल गरेको कुल रकम तपसिल बमोजिमको बैंक खातामा एकमुष्ट जम्मा गरेको सक्कलै बैंक भौचर पेश गरे पछि दरभाउपत्रदातासँग सम्झौता गरी ठेक्काको चलानपूर्जी दिइने छ ।

**तपसिल**

**नदीजन्य पदार्थको सम्झौताको हकमा बैंक खाताको विवरण :**
खातावालाको नामः भूमिकास्थान नगरपालिका, अर्घाखाँची
खाता नं.: २५८७०८६९८६८००११८, विभाज्य कोष खाता
बैंकको नाम र ठेंगाना : प्रभु बैंक, भूमिकास्थान नगरपालिका शाखा, नुवाकोट, अर्घाखाँची ।

**जीवजन्तु कर र जडीबुटी कर सम्झौताको हकमा बैंक खाताको विवरण :**
खातावालाको नामः भूमिकास्थान नगरपालिका, अर्घाखाँची
खाता नं.: २५८७०८६९८६८००१३८, आन्तरिक आयखाता
बैंकको नाम र ठेंगाना : प्रभु बैंक, भूमिकास्थान नगरपालिका शाखा, नुवाकोट, अर्घाखाँची ।

६. गत विगत सालमा ठेक्का लिई रकम बुझाउन बाँकी राखेका फर्महरुले ठेक्का प्रकृयामा भाग लिन पाउने छैनन । तर भूमिकास्थान नगरकार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा बुझाउनु पर्ने सबै रकम भुक्तानी गरेमा ठेक्का लिनबाट बञ्चित गरिने छैन ।
७. प्राप्त दरभाउपत्र फाराम आंशिक वा पूर्णरुपमा स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
८. सबै ठेक्का नं. हरुमा कवोल अङ्कको १.५ प्रतिशत अग्रिम आयकर र थप १३ प्रतिशत मूल्य अभिवृद्धि कर लाग्ने छ ।
९. ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा कबोल अङ्कको बढीमा दशप्रतिशत सम्म रकम छूट दिन सकिनेछ ।
१०. यस सम्बन्धी थप सूचना जारी गर्नु परेमा यस कार्यालयको वेभसाइट www.bhumikasthanmun.gov.np तथा कार्यालयको सूचना पार्टीमा टाँस गरिने छ र त्यसरी टाँस गरिने सूचना पनि यसै सूचनाको अङ्ग मानिने छ ।
११. प्रकाशित सूचना बमोजिम कुनै बिषय फरक पर्न गएमा सोको अन्तिम निर्णय गर्ने अधिकार भूमिकास्थान नगरकार्यपालिकाको कार्यालयमा निहित हुनेछ ।
१२. यस सूचनामा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
१३. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा फोन नं. ९८५७०६९९८१/९८५७०६९९८७/९८५७०६९७९५ मा सम्पर्क गर्न सकिने छ ।

ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल उत्खनन्, संकलन तथा बिक्री शुल्क संकलन, जीवजन्तु र जडिबुटी कर संकलन सम्बन्धी ठेक्काको विवरण

| ठेक्का नं. | विवरण | श्रोत संकलनका लागि तोकिएको विन्दु | २०८२/०८३को लागि कायम न्यूनतम ठेक्का रकम मु.अ.कर बाहेक) | संकलन गर्न पाउने रकम (१३ प्रतिशत मु.अ.कर बाहेक) | इकाई | बार्षिक रुपमा निकाल्न सकिने परिमाण (घ.मी.) |
|---|---|---|---|---|---|---|
| 4/BM/IR/ 2082/083 | दुर्वाङ्गखोला | आँपखोलाफो.पू. देखि दक्षिणतर्फको बगर क्षेत्र, शतिघाट बगर क्षेत्र र बाङ्गेरह बगर क्षेत्र, दुर्वाङ्ग पिप्लीटापु सानीचौकी बगरक्षेत्र, दुर्वाङ्ग फो.पू. बगर क्षेत्र देखि दक्षिणतर्फको गंगटे देखि भगेनी र दुर्वाङ्गको संगम बगर क्षेत्र बिरौटासम्म । | ४,८४०००/- | ६/- | प्रति क्यु फिट | २२८७ |
| 5/BM/IR/ 2082/083 | खाकाबेसी खोला | पाकुरे/काउले,रातामाटा,सानडाँडा डडुका मुख,चालिसे,आपका रुख,चाम्रे बगर क्षेत्र | ३१,५००/- | ६/- | प्रति क्यु फिट | १५० |

नगरभित्र उत्पादन भई व्यावसायिक कारोबार हुने जिवजन्तु र जडिबुटी कर

| ठेक्का नं. | विवरण | कर संकलनशिर्षक | न्यूनतम एकमुष्ट रकम रु. (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| 2/BM/IR/2082/083 | जीवजन्तु कर (व्यावसायिक कारोबारमा) | नगरपालिका भित्र उत्पादन भई व्यावसायिक कारोबार हुने जीवजन्तु कर | ९०,०००/- |
| 3/BM/IR/2082/083 | जडीबुटी कर (व्यावसायिककारोबारमा) | नगरपालिका भित्र उत्पादन भई व्यावसायिक कारोबार हुने जडीबुटी कर | ३०,०००/- |

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com